# आर्थिक कारोबारको स्थिति

आर्थिक वर्ष: २०७७/७८

कार्यालय र स्थान : माइसेबुङ गाउँपालिका, इलाम , माइसेबुङ गाउँपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dilli Ram Subedi | २०७५-१२-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Manju Bhattarai | २०७६-८-१ | |
| | | बेरुजु रकम | २३,७५२,३७८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | | ६,३७,२५,५४७.१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८,२३,११,०८० | चालु खर्च | २४,६६,१४,६५८.८७ |
| प्रदेश सरकारबाट अनुदान | २,०१,४१,००० | पूँजीगत खर्च | ११,४६,७०,७६१.९१ |
| राजस्व बाँडफाँट | ६,१४,०१,७०७.८ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | ६८,०८,५५६ | | |
| अन्य आय | ८०,७२,११७.२५ | | |
| कुल आय | ३८,०२,३८,५०१.०५ | कुल खर्च | ३६,१२,८५,४२०.७८ |
| बाँकी मौज्दात | | ८,२६,७८,६२७.८१ | |



https://nams.oag.gov.np

CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल १४२.४१ वर्ग कि.मी. क्षेत्रफल मा फैलिएको र हाल ६ वटा वडा हरुमा बिभाजन गरिएको र सभा सदस्य संख्या ३३ रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या १८ हजार ५ सय ३ रहेको छ। | |
| २ | | | **लेखापरिक्षण**<br>उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यलयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यलयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । | |
| ३ | | | **लेखापरिक्षणको सिमा**<br>लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप यस पटक नेम्स (नेपाल अडिट मेनेजमेन्ट सिष्टम) मार्फत छनौट गरीएका आधारमा वित्तिय विवरण र सो संग सम्बन्धित कागजात परीक्षण गरिएको छ । पहलो पटक वेभ वेस्ड प्रतिवेदन जारी गरीएको हुदा प्रतिवेदन प्रस्तुतीमा समेत सो को प्रभाव पर्न सक्ने हुंदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिनेछ । | |
| ४ | | | **प्राप्ती भुक्तानी विवरण** | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गत वर्षको रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आर्फैलेगरेको प्राप्ती/ भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा | आर्फैलेगरेको प्राप्ती/ भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३९,५२,९७,०४७.५० | ३८,७७,८३,०३५.६६ | | ३८,७७,८३,०३५.६६ | ३०,९३,३५,९२९.५८ | १५,००,००० | ३१,०८,३५,९२९.५८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३८,८८,७२,११० | ३७,२१,६६,३४४.६६ | ० | ३७,२१,६६,३४४.६६ | ३०,५१,२१,८१४.०८ | १५,००,००० | ३०,६६,२१,८१४.०८ |
| ११००० कर | ११ | ७,५५,४७,०३० | ६,३८,९३,०२३.१२ | ० | ६,३८,९३,०२३.१२ | ५,१४,७२,९७१.०८ | ० | ५,१४,७२,९७१.०८ |
| १३००० अनुदान | | ३१,०४,७५,०८० | ३०,३९,४८,०८० | ० | ३०,३९,४८,०८० | २५,२७,४७,००० | १५,००,००० | २५,४२,४७,००० |
| संघीय सरकार | १२ | २८,९५,२६,०८० | २८,२९,९९,०८० | ० | २८,२९,९९,०८० | २२,००,६३,००० | १५,००,००० | २२,१५,६३,००० |
| प्रदेश सरकार | १२ | २,०९,४९,००० | २,०९,४९,००० | ० | २,०९,४९,००० | ३,२६,८४,००० | ० | ३,२६,८४,००० |
| १४००० अन्य राजस्व | | २७,५०,००० | ३८,६८,९४४ | ० | ३८,६८,९४४ | ९,०१,८४३ | ० | ९,०१,८४३ |
| १५००० विविध प्राप्ति | | १,००,००० | ४,५६,२९७.५४ | ० | ४,५६,२९७.५४ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ६४,२४,९३७.५० | १,५६,१६,६९१ | | १,५६,१६,६९१ | ४२,१४,११५.५० | | ४२,१४,११५.५० |



https://nams.oag.gov.np

CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ६४,२४,९३७.५० | १,३२,२६,००६ | ० | १,३२,२६,००६ | ४२,१४,११५.५० | ० | ४२,१४,११५.५० |
| धरौटी | | ० | २३,९०,६८५ | ० | २३,९०,६८५ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४५,५४,३७,६७०.१० | ३६,२१,६०,९६६.२० | | ३६,२१,६०,९६६.२० | २७,२५,५३,३९९.०२ | ४,७८,८४९.९२ | २७,३०,३२,२४८.९४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४४,९०,१२,७३२.६० | ३५,५५,२९,३२९.३३ | | ३५,५५,२९,३२९.३३ | २६,८८,४९,०६२.५२ | ४,७८,८४९.९२ | २६,९३,२७,९१२.४४ |
| २१०००पारिश्रमिक / सुविधा | १८ | १२,०८,२५,७१० | १०,७२,३७,५८३.५९ | ० | १०,७२,३७,५८३.५९ | ९,१५,८७,१४६.२४ | ० | ९,१५,८७,१४६.२४ |
| २२०००मालसामान तथा सेवाको उपयोग | १८ | १४,०५,२९,३७० | १०,२७,८४,०४८.४६ | ० | १०,२७,८४,०४८.४६ | ५,४९,९६,१०६.८५ | ४,७८,८४९.९२ | ५,५४,७४,९५६.७७ |
| २७०००सामाजिक सुरक्षा | १८ | ८१,२०,००० | ६९,९७,२७४.५० | ० | ६९,९७,२७४.५० | २०,६८,००० | ० | २०,६८,००० |
| २८०००अन्य खर्च | १८ | २,४२,१३,२५८.६० | २,३८,३९,६६०.८७ | ० | २,३८,३९,६६०.८७ | १,२१,९०,६८१.५२ | ० | १,२१,९०,६८१.५२ |
| ३१०००गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५,५३,२४,३९४ | ११,४६,७०,७६१.९१ | ० | ११,४६,७०,७६१.९१ | १०,८०,०७,१२७.९१ | ० | १०,८०,०७,१२७.९१ |
| घ. अन्य भूक्तानी | | ६४,२४,९३७.५० | ६६,३१,६३६.८७ | | ६६,३१,६३६.८७ | २७,२५,५३,३९९.०२ | ४,७८,८४९.९२ | २७,३०,३२,२४८.९४ |
| कोषहरु | | ६४,२४,९३७.५० | ५२,९६,५६२.३७ | ० | ५२,९६,५६२.३७ | ३७,०४,३३६.५० | ० | ३७,०४,३३६.५० |
| धरौटी | | ० | १३,३५,०७४.५० | ० | १३,३५,०७४.५० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (६,०१,४०,६२२.६०) | २,५६,२२,०६९.४६ | | २,५६,२२,०६९.४६ | ३,६७,८२,५३०.५६ | १०,२१,१५०.०८ | ३,७८,०३,६८०.६४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,२४,९०,५५२.६० | | ६,२४,९०,५५२.६० | २,४४,३०,९८२.१८ | | २,४४,३०,९८२.१८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (६,०१,४०,६२२.६०) | ८,८१,१२,६२२.०६ | | ८,८१,१२,६२२.०६ | ६,१२,१३,५१२.७४ | १०,२१,१५०.०८ | ६,२२,३४,६६२.८२ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ८,१४,९९,६१९.०६ | | ८,१४,९९,६१९.०६ | ५,५५,९५,४४५.७० | | ५,५५,९५,४४५.७० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>
वित्तिय विवरण<br>
स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>
· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>
· लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मात्र सक्ने अवस्था छैन ।<br>
· कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाब गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले गरिबी निवारण कोष, कर्मचारी कल्याण कोष र विविध खर्च कोष बाहेकको कारोबारको २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइयो ।
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>
बैङ्क हिसाब मिलान<br>
स्थानीय तह सरकार संचालन ऐन,२०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>1.</td><td>संचित कोष खाता</td><td>८१४९९६१९</td><td>८१२२५८८३</td><td>२७३७३६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार बैङ्क मौज्दात र श्रेस्ता अनुसार मौज्दात मा रु २७३७३६ फरक परेकोमा लेखापरिक्षणको क्रममा फरक पर्नाको कारण सहित बैङ्क हिसाब मिलान विवरण पेश भएको छ
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणाली:<br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>
· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>
· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>
· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>
· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>
· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>
· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>
· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
</td><td></td></tr>
</table>


https://nams.oag.gov.n
CS CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• पालिकामा PAMS लागु भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे एकिन गर्न नसकिने हुदा खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनतयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाईयो ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एक्िकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन । | |



https://nams.oag.gov.np

CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · वडाहरु र गाउँका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>· स्थनिय तहको आर्थिक कारोवारको लागि म ले नि का बाट स्वीकृत सफ्टवेयर सुत्र (SUTRA) प्रयोग गरी कारोवार संचालन र वित्तिय प्रतिवेदन तयार गरेको पाइयो।<br>· कार्यालयले निजामती सेवा ऐन २०४९ अनुसार तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **विद्यालयगतनिकासा रजिस्टर्ड–**<br>आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ । | |
| ९ | | | **जिन्सी लगत र संरक्षण-**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पुर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई खर्च भएर नजाने जिन्सी खाता व्यवस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| १० | | | **भ्रमण अभिलेख तथा प्रतिवेदन**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |



CS CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **लेखा ढाँचाको प्रयोग**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचितकोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा अन्य व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष गाउंपालिकाले उपर्युक्त ढाँचा अनुसारको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएको अवस्था देखियो।सम्पुर्ण अभिलेख गर्ने व्यवस्था हुनु पर्दछ । | |
| १२ | | | **नगदी रसिद नियन्त्रण खाता**<br>- कार्यालयले गत वर्षको जिम्मेवारी सरी आएको यस वर्ष छपाई गरेको यस वर्ष प्रयोग गरेको र अर्को वर्षलाई जिम्मेवारी सर्न गएको नगदी रसिदको यथार्थ हिसाब देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रमाणित रुपमा राख्नस पर्नेमा रसिद नियन्त्रण खाता तयार गरेको पाइएन । जसले गर्दा यथार्थ आम्दानी यकिन गर्न सकिएन । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले पालिकाको आयमा के कति योगदान गरेको छ यकिन हुन सकेन । आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख गरि सोहि दिन दाखिला गर्ने गरि व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक वडाले मासिक आय विवरण तयार गरि केन्द्रमा (पालिका) पठाउने र पालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सेवा प्रवाह**<br>नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु गाउँवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ। गाउँपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।<br><br>क्र सं. / विवरण / सिफारिस संख्या:<br>१ / नागरिकता सिफारिस / ६०४<br>२ / घर बाटो सिफारिस / १०३<br>३ / नाता प्रमाणित / ९३<br>४ / जन्म दर्ता / ७०८<br>५ / मृत्यू दर्ता / १२५७<br>८ / अन्य / १२५७<br><br>पालिकावाट प्रवाह हुने सेवाको गुणस्तर अभिवृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १४ | | | **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन–**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ७४ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्राविधिक पद सव इन्जिनियर सहित ६१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |



https://nams.oag.gov.np

CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ७६ जना कर्मचारीहरु करारमा राखी रु.१२७४०९६४।३१ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सह्योगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बँगैचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको, अ हे व ४, अ न मि ५, भाषिक कर्मचारी १ अमिन १ सामाजिक परीचालक १ गरी १२ जना कर्मचारी करार नियुक्ति गरी निजहरुको तलब भत्तावापत बर्षभरीमा रु.२८०३०४० /- भुक्तानी गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु....... | २,८०३,०४० |
| १६ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउँने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको ० यो बर्ष थप भएको ४ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउँनुपर्दछ । | |
| १७ | | | **कानुन निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म ४ऐन, ४नियमावली, ३२कार्यविधि,७ निर्देशिका समेत६० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| १८ | | | **बजेट पेश पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सुनिता सुब्बा २०७७।३।१० गते रु. ३२११००००० को बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानिय तहका प्रमुखले २०७७।3।15 मा प्रमुख प्रसाशकिय अधिकृतलाई अख्तियारी दिएको पाइयो । | |
| १९ | | | **साना प्रकृतिका योजना**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यमकालिन तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ व्यवस्था रहेको छ।तर पालिकाले विभिन्न रु. १००००० देखि ५००००० सम्मको सानो प्रकृतिका रु.३०४९५००० को १११ वटा योजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यमकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । | |


https://nams.oag.gov.np
CamScanner

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>लक्ष्य प्रगति स्थिति<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । सो पेश नभएबाट बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>खरिद योजना<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्बन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो ।<br><table><tr><th>भौचर र मिति</th><th>विवरण</th><th>रकम</th></tr><tr><td>२४८।०७८।३।२२ पुजीगत</td><td>रेड स्टार क्लबलाई आर्थिक सहयोग खेलकुदको लागी</td><td>५०००००</td></tr></table></td><td></td></tr>
</table>



https://nams.oag.gov.np

CamScanner

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>

**गत वर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यवस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७७।७८ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यवस्था नगरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यवस्था मिलाउनु पर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेका छन्

| सि नं | भुक्तानी पाउने | रकम |
|---|---|---|
| १ | कोलोनी बजार व्यवस्थापन | ११४००० |
| २ | युनिसेफ खानेपानी २ वटा टेङ्की निर्माण | १४५५००० |
| ३ | माङमालुङ बजार पक्की ढल निर्माण | ४७८७८९ |
| ४ | श्री महेन्द्रोदय मा वि | ४८५००० |
| | जम्मा | २६१२७८९ |

</td><td></td></tr>
</table>





CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | क्षेत्रगत बजेट खर्चको तुल्नात्मक विश्लेषण | |

**क्षेत्रगत बजेट खर्चको तुल्नात्मक विश्लेषण**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिकबजेट | खर्चरकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | 38702000 | 24608000 | ७ |
| सामाजिक क्षेत्र | 188235000 | 162892000 | ४६ |
| पूर्वाधार विकास क्षेत्र | 108510000 | 77498000 | २२ |
| संस्थागत विकास र सेवाप्रवाह | 8795000 | 7090000 | १ |
| वित्तीय व्यवस्थापन र सुशासन | | | |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | 104770000 | 83439000 | २४ |
| **जम्मा** | ४४९०१२००० | ३५५५२७००० | १०० |

**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयवाट ६८२९२४६ बाट र राजस्व बाँडफाँडवाट जम्मा रु ६०९३२७२१ र अनुदानबाट रु. ९४८९१००० समेत रु. १६२६५२९६७ आम्दानी भएकोमा चालु तर्फ रु. १०१६०३२२२ र पूँजिगत तर्फ रु. ८५३९५०२५५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ४४६४००० खर्च भएको छ जुन आन्तरिक आय ६५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२ प्रतिशत चालु र ३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।





CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

२५

**चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| शिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| चालु पुजीगत | 355528 | 75498 | 44953 | 235075 | 161369 |
| प्रतिशतमा | १०० | २१ | १२ | ६७ | ४५ |

प्राप्त विवरणको विश्लेषण गर्दा कुल खर्च मध्ये ६७ प्रतिशत खर्च तेस्रो चौमासिकमा भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२६

**शसर्त अनुदान फिर्ता**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । यस स्थानीय तहलाई संघीय सशर्त अनुदानमा रु.१९५१९९०८० प्राप्त भएकोमा रु. १६२३८२६३२ मात्र खर्च भई रु.३२८१६४४८ बाँकी रहेकोमा मिति २०७८।५।२१ मा रु ३४०९१००० संघीय सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ । यसरी शसर्त अनुदानको बाँकी रकम भन्दा रु.१२७४५५२ बढी फिर्ता गरेको देखिन्छ ।

२७

**शिक्षक दरवन्दी र पदपुर्ति**

गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | तह | शिक्षकद रवन्दी | पदपूर्ति | पदपूर्तिम ध्ये करार | विद्यार्थीसं ख्या |
|---|---|---|---|---|---|---|---|
| 1 | महेन्द्रोदय माध्यमिक विद्यालय | माङसेबुङ १ | 0 देखि १२ | 16 | 16 | 3 | 295 |
| 2 | रत्नदेवीआधारभुत विद्यालय | माङसेबुङ १ | १ देखि ८ | 5 | 5 | 1 | 74 |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 3 | जनताआधारभुत विद्यालय | माङसेबुङ १ | 0 देखि ५ | 4 | 3 | 2 | 48 | |
| | | | 4 | गजुरमुखीआधारभुत विद्यालय | माङसेबुङ १ | 0 देखि ८ | 7 | 6 | 3 | 98 | |
| | | | 5 | माण्डिकाआधारभुत विद्यालय | माङसेबुङ १ | 0 देखि ५ | 4 | 3 | 2 | 61 | |
| | | | 6 | बरभञ्ज्याङ्गआधारभुत विद्यालय | माङसेबुङ १ | 0 देखि ८ | 7 | 7 | 3 | 93 | |
| | | | 7 | इभाङ्गआधारभुत विद्यालय | माङसेबुङ २ | 0 देखि ८ | 5 | 5 | 2 | 102 | |
| | | | 8 | सिंहदेवीआधारभुत विद्यालय | माङसेबुङ २ | १ देखि 4 | 3 | 2 | 1 | 26 | |
| | | | 9 | जनताकल्याणा आधारभुत विद्यालय | माङसेबुङ २ | १ देखि ८ | 7 | 5 | 3 | 87 | |
| | | | 10 | सरस्वतीआधारभुत विद्यालय | माङसेबुङ २ | १ देखि ८ | 5 | 5 | 2 | 86 | |
| | | | 11 | इभाङ्गमाध्यमिक विद्यालय | माङसेबुङ २ | 0 देखि १० | 13 | 13 | 6 | 253 | |
| | | | 12 | खाम्नुवाआधारभुत विद्यालय | माङसेबुङ २ | १ देखि ३ | 2 | 2 | 2 | 15 | |
| | | | 13 | जिवनज्योती माध्यमिक विद्यालय | माङसेबुङ ३ | 0 देखि १० | 8 | 8 | 4 | 176 | |
| | | | 14 | | | | 8 | 8 | 5 | 149 | |



https://nams.

CamScanner

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दुर्गामाध्यमिक विद्यालय | माङसेबुङ ३ | 0 देखि १० | | | | | | |
| | | | 15 | जनकल्याणआधारभुत विद्यालय | माङसेबुङ ३ | 0 देखि ८ | 5 | 5 | 2 | 142 | | |
| | | | 16 | बालदिपआधारभुत विद्यालय | माङसेबुङ ३ | 0 देखि ५ | 3 | 2 | 2 | 49 | | |
| | | | 17 | पवित्रआधारभुत विद्यालय | माङसेबुङ ३ | १ देखि ३ | 2 | 2 | 0 | 20 | | |
| | | | 18 | बालकल्याणआधारभुत विद्यालय | माङसेबुङ ३ | १ देखि ३ | 1 | 1 | 0 | 7 | | |
| | | | 19 | दुर्गमआधारभुत विद्यालय | माङसेबुङ ३ | १ देखि ३ | 2 | 2 | 2 | 19 | | |
| | | | 20 | बिद्यासृजनात्मक माध्यमिक बिद्यालय | माङसेबुङ ४ | १ देखि १० | 10 | 9 | 5 | 195 | | |
| | | | 21 | जनज्योतीआधारभुत विद्यालय | माङसेबुङ ४ | १ देखि ५ | 2 | 2 | 0 | 21 | | |
| | | | 22 | सरस्वतीआधारभुत विद्यालय | माङसेबुङ ४ | 0 देखि ८ | 7 | 7 | 3 | 127 | | |
| | | | 23 | जनताआधारभुत विद्यालय | माङसेबुङ ४ | १ देखि ५ | 4 | 4 | 0 | 54 | | |
| | | | 24 | दुर्गमआधारभुत विद्यालय | माङसेबुङ ४ | 0 देखि 4 | 2 | 2 | 1 | 14 | | |
| | | | 25 | | | | 16 | 16 | 8 | 516 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | सरस्वती माध्यमिक विद्यालय | माङसेबुङ ५ | 0 देखि १२ | | | | |
| 26 | जयश्वरीआधारभुत विद्यालय | माङसेबुङ ५ | 0 देखि ५ | 4 | 3 | 2 | 53 |
| 27 | किरांतसाम्जिक मुन्धुम आधारभुत विद्यालय | माङसेबुङ ५ | १ देखि ५ | 4 | 3 | 3 | 70 |
| 28 | किरांतसाम्जिक निसामहिम वेदशाला | माङसेबुङ ५ | १ देखि ५ | किरांतधार्मिक विद्यालय | | | 92 |
| 29 | चिसोपानीमाध्यमिक विद्यालय | माङसेबुङ ६ | 0 देखि १२ | 15 | 15 | 8 | 446 |
| 30 | सिंहेश्वरीआधारभुत विद्यालय | माङसेबुङ ६ | १ देखि ५ | 3 | 1 | 0 | 21 |
| 31 | बालकल्याणआधारभुत विद्यालय | माङसेबुङ ६ | १ देखि 5 | 1 | 1 | 1 | 20 |
| 32 | चन्द्रेश्वरीआधारभुत विद्यालय | माङसेबुङ ६ | 0 देखि ५ | 2 | 2 | 0 | 39 |
| 33 | माङमाङलुङआधारभुत विद्यालय | माङसेबुङ ६ | 0 देखि ५ | 2 | 2 | 1 | 16 |
| | **जम्मा** | | | **179** | **167** | **77** | **3484** |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम्

विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १९ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरबन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।



https://nams.oag.gov.n

CS CamScanner

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>कल्याण कोष<br>स्थानीय सरकार सञ्चालन ऐनधर७, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत वर्ष को अल्या रु २११०६६ र यस वर्ष रु. १२९२०८ कोषमा ट्रान्सफर गरी जम्मा रु ३४०२७४ रहेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैकर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च–<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th>भौचर र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२४८।०७८।३।२२ पुजीगत</td><td>रेड स्टार क्लबलाई आर्थिक सहयोग खेलकुदको लागी</td><td>५०००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>पेश्की बाँकी<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम ५ मा उपभोक्ता समितिलाई निर्माण कार्यको लागी सम्झौता भए पछि ३३ प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ । जस अनुसार देहायको उपभोक्ता समीतीहरुलाई पेश्की उपलब्ध गराएकोमा पेश्की फछ्यौंट नभएको हुदा पेश्की फर्छ्यौट हुनु पर्दछ ।
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>फेवासिचाइ योजना</td><td>फेवाकुलो सिचाइ जल उ स</td><td>८३२०००</td></tr>
<tr><td>रतुवा चिण्डे ठुलोबैंसी सिचाइ योजना</td><td>रतुवा चिण्डे ठुलोबैंसी सिचाइ जल उपभोक्ता समिति</td><td>८३२०००</td></tr>
<tr><td>साना सिचाइ कार्यक्रम</td><td>फेवाकुलो सिचाइ जल उ स</td><td>१५४१३९४</td></tr>
<tr><td>साना सिचाइ कार्यक्रम</td><td>रतुवा चिण्डे ठुलोबैंसी सिचाइ जल उपभोक्ता समिति</td><td>२२९४३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३२२८३३७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>समानिकरण अनुदानवाट शिक्षकको तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानतर्फ शिक्षावाट वाट रु. ५६१२७९१ तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु</td><td>५,६१२,७९१</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष गाँउपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. १७७७४९१/- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
</table>



https://nams.oag.gov.n

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **च्याउ खेति**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी दोहोरो नहुने गरि निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले माङ्सेबुङ्ग गाँउपालिका स्तरीय महिला समन्वय समिति लाई महिला लक्षित रोजगारमुलक कार्यक्रम संचालनका लागि रु ४९०००० खर्च लेखेकोमा च्याउँ को विउ खरिद परिमाण अनुसार वितरण भएको नदेखिएको, सहकारी भवन भाडा लिएर तालिम कार्यक्रम गरेको भनी रु ५००० भुक्तानी भएकोमा सहकारी को विजक पेश नभएको, प्रशिक्षक भत्ता भनी अनिल कुमार शर्मालाई ४० कक्षाको रु १५०० का दरले रु ६०००० भुक्तानी भएकोमा प्रशिक्षकले प्रशिक्षण गराएको ह्यान्ड आउट र प्रशिक्षकको हाजिरी पेश नभएको र अनुगमन खर्च भनी रु २७००० खर्च देखाएकोमा पालिक स्तरवाट अनुगमन हुनुपर्नेमा समिति स्वयमंले अनुगमन गरेको देखिएकोले तालिम कार्यक्रम संचालन नै भएको हो भन्ने विषयमा एकिन हुन सकिएन गाँउपालिका बाट तालिम कर्यक्रमको कार्यसम्पन्न भए नभएको एकिन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु | ४९०,००० |
| ३४ | | | **उपभोक्ता मार्फत कार्यक्रम**<br>लक्षित वर्गका कार्यक्रम संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रमसम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभूत तथ्यांक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा वा उपकरणहरु सहितको कार्य क्षेत्रगत शर्त बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान तयार गर्नु पर्दछ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्नको लागि विभिन्न सामाजिक कार्य गर्ने गैह नाफामुलक संघ संस्थाहरुलाई सोझै छनौट गरेको पाइयो । साथै विभिन्न उपभोक्ता समिति गठन गरी कार्यक्रमहरु गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । छनौट भएका संस्थाले विभिन्न कार्यक्रम गर्दा आफ्नो बिजक समेत जारी गरेको पाइएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी योजनाहरुको छनौट गर्नु पर्दछ । साथै यस्तो तालिमहरु सञ्चालन गर्न सक्षम संस्था छनौट गरी संस्था छनौट प्रकृयालाई पारदर्शि बनाउने र विशेष शिप तथा क्षमता भएको व्यक्ति तथा सँस्थाबाट यस्तो कार्यक्रम सञ्चालन गर्ने व्यवस्था हुनु पर्दछ । | |

| संचालन गर्ने | तालिम तथा कार्यक्रम | रकम |
|---|---|---|
| फुल तथा गिफ्ट आइटम वनाउने कार्यक्रम उ स | फुल तथा गिफ्ट आइटम | ११०००० |
| मिर्मिरे सास्कृतिक प्रतिष्ठना | वाध्य सामाग्री खरीद | १९४००० |
| आयआर्जन कार्यक्रम उ स | फलफूल विरुवा वितरण | २००००० |
| गाउपालिका स्तरीय महिला समन्वय समिति | महिला लक्षित रोजगार मुलक कार्यक्रम | ४९०००० |
| भाषा संस्कृति संरक्षण उ स | | १००००० |
| नेपाल आदिवासी जनजाति महासंघ | सचेतनामुलक कार्यक्रम | १६४८५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **गैह सरकारी संस्थावाट/तालिम कार्यक्रम**<br>सार्वजनिम खरीद ऐन २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सूँचीमा रहेका गैह सरकारी संस्थावाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा संग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न कार्यक्रम तथा तालिम संचालन गर्नको लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली वमोजिम पारदर्शि रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तलिम वडा कार्यालयले आफै कायदिश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नम्स लागत इष्टिमेट तयार नगरी तालिम संचालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम संचालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास रोजगारीको अवसर स्थनिय श्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । | |

| तालिम संचालक संस्था | तालिम कार्यक्रम | रकम |
|---|---|---|
| रौताहा टेक्निकल कलेज | कृषि तथा पशुपालन | २७६१५० |
| पिरामिड टेक्निकल इन्स्टिच्युट | हाउस वायरीङ्ग | २९७००० |
| पिरामिड टेक्निकल इन्स्टिच्युट | मोवाइल मर्मत | २९७१०० |
| रौताहा टेक्निकल कलेज | विपन्न वर्ग आय आर्जन | १५२५०० |
| रौताहा टेक्निकल कलेज | आयमुलक वोट विरुवा रोपण कार्य | ३९७९९९ |
| रौताहा टेक्निकल कलेज | कृषि पशु तथा सिप विकास | ४९७९७४ |
| रौताहा टेक्निकल कलेज | हाउस वायरीङ्ग | ३२३५०२ |
| वुलन्द मल्टिटेक्निकल मिडिमय प्रा लि | युवा लक्षित कार्यक्रम | ९९९४५ |
| वुलन्द मल्टिटेक्निकल मिडिमय प्रा लि | आधुनिक तरकारी खेती कार्यक्रम | १९९९१९ |
| जम्मा | | ११२१३४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>बिल भर्पाई पेश नभएको<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले देहायअनुसारको खर्च भुक्तानी गर्दा बिल भरपाई नराखी भुक्तानी गरेकोले खर्च पुष्टि हुने वास्तविक प्रमाण पेश हुनुपर्ने रु.<br><table><tr><th>भौ. नं.मिति</th><th>विवरण</th><th>रकम</th></tr><tr><td>२८०।०७८।१२।२३<br>समानिकरण चाँलु</td><td>इलाम खेलकुद विकास समिति बिल बिजक पेश नभएको</td><td>५००००</td></tr></table></td><td>५०,०००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>पोषाक खर्च<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी दोहोरो नहुने गरि निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ ।करार कर्मचारी विनिता लिम्बुलाई पोषाक खर्च छुट भएको भनी भौ नं ३२२/२०७८।३।९ मा रु १०००० भुक्तानी भएकोमा पुन भौ नं ३९५/२०७८।३।१७ बाट समेत भुक्तानी भएकोले दोअरो भुक्तानी रकम असुल गर्नपर्ने रु</td><td>१०,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>निजी सचिव<br>गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) मा गाँउपालिकाको प्रमुख तथा उपप्रमुखले कार्यालय प्रयोजनका लागि कार्यालयको राजस्व, आन्तरिक आय एवं कार्यबोझ समेतलाई ध्यानमा राखी १ जना कर्मचारी निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ । कार्यालयले कार्यपालिकाको बैठक समेतबाट निर्णय गराई निजी सचिवको रुपमा २ कर्मचारी नियुक्त गरी तलब भत्ता, चाडपर्व खर्च बापत वर्ष भरमा रु. ४६८०००/÷खर्च लेखेको देखियो । ऐनमा भएको व्यवस्था अनुसार १ जना कर्मचारीलाई मात्र निजी सचिवको रुपमा राख्न सकिने हुँदा बढी राखेको १ जनाको पारिश्रमिक रु. २३४०००/÷ कार्यालयलाई थप व्ययभार पर्न गएको रु....</td><td>२३४,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार गाउँपालिकाका अध्यक्षले संचार सुविधा वापत मासिक रु ३००० पाउने व्यवस्था छ । पालिकाले]] गाँउपलिका अध्यक्षलाई रु २३९५० थप संचार सुविधा भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु २३९५० असुल गर्नुपर्ने रु.</td><td>२३,९५०</td></tr>
</table>



https://nams.oag.gov.np

CamScanner

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>कार्यक्रम संचालन<br>संघिय ससर्त अनुदान तर्फको कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३९ मा स्वीकृत बजेट र सम्बन्धित खर्च शिर्षकबाट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यक्रम संचालन गर्दा स्वीकृत कार्यक्रम भित्र रहि तोकिएको कार्यक्रमा खर्च गर्नुपर्ने हुन्छ । निम्नानुसारको खरिदमा स्वीकृत कार्यक्रम फरक पारी रु ७८३६६८ । भुक्तानी गरेको पाइयो । फरक कार्यक्रमा भुक्तानी भएको रकम अनियमित देखिएको रु
<table>
